# गंगाजमुना गाउँपालिका

## विनियोजन ऐन, २०७६

गंगाजमुना गाउँपालिका

फुलखर्क, धादिङ

३ नं. प्रदेश, नेपाल

गंगाजमुना गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्थागर्न बनेको ऐन

गाउँ सभाबाट स्वीकृत भएको मितिः २०७६।०३।२९

प्रस्तावनाः

गंगाजमुना गाउँपालिकाको आर्थिक बर्ष २०७६।०७७को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनिययोजन गर्न वान्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप- धारा (२) बमोजिम गंगाजमुना गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** यो ऐनको नाम गंगाजमुना गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

**२.आर्थिक बर्ष२०७६।०७७को निमित्त सञ्चितकोष बाट रकमखर्च गर्ने आधिकारः**(१) आर्थिकबर्ष ०७६।०७७को निमित्त गाउँकार्यपालिका, वडा समति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ माउल्लेखित

नेपाल सरकारबाट सशर्त अनुदानतफ १४ करोड ५२ लाख र वित्तिय समानिकरण अनुदान तर्फ रु.१२ करोड ४३ लाख, राजस्व, बाँडफाँडवाट प्राप्त रकम रु ७ करोड ३३ लाख, रोयल्टी बाँडफाँड वापत रु २ लाख ९ हजार ३ सय ५१ प्रदेश सरकारवाट वित्तिय समानिकरण अनुदानतर्फ रु ९९ लाख, ५९ हजार, सशर्त तर्फ रु २२ लाख७२ हजार राजस्व बाँडफाँड वापत रु १ करोड १५ लालख, ४९ हजार आन्तरिक राजश्वबाट रु. ७० लाख (अनुमानीत) र अघिल्लो आ.व.को मौज्दात रु २ करोड (अनुमानित) गरी जम्मा ३९ करोड ३७लाख, ८९ हजार ३ सय ५१ रुपैंयामा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिने छ ।

**३.विनियोजनः** (१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिईएको रकमआर्थिक बर्ष २०७६।०७७को निमित्त गंगाजमुना गाउँपालिकाको गाउँकार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपूगहुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपूगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सक्नेछ । पूँजिगतखर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भूक्तानी खर्च र व्याज भूक्तानी खर्च शीर्षकमा बहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भूक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भूक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची १

(दफा २ सँग सम्वन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चितकोषबाट विनियोजन हुने रकम

रकम रु.

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तीयव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँकार्यपालिका तथा विषयगत शाखा समेत | ४,४२,००,००० | १५०८१७३५१ | | १९५०१७३५१ |
| २ | | वडा कार्यालयहरु | ३३,००,००० | ४,८०,००,००० | | ५,१३,००,००० |
| ३ | | ऋणको सावाँ व्यज भूक्तानी | ० | ० | | |
| ४ | | लगानी -शेयर/ ऋुण | ० | ० | | |
| ५ | | शशर्त अनुदान | | | | १४,७४,७२,००० |
| **जम्मा रु.** | | | ४,७५,००,००० | १९८८१७३५१ | | ३९,३७,८९,३५१ |